परिवर्तनको दाबी होइन, अनुभूति आवश्यक

सम्झना वाग्ले भट्टराई

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा

फाल्गुनन्द चौक

फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

ठुलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा दल सरसफाई

दमक :

दैवीप्रसाद सिटौला

(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:

राजकुमार श्रेष्ठ

९८०६०१०४१०

❑ वर्ष-२१ ❑ अंक - २२४ ❑ २०८३ भाद्र १३ गते शनिबार ❑ Saturday, 29 Aug. 2026 ❑ मूल्य ७ /-

दमकमा भूमि ब्यवस्थापन प्रक्रिया फेरि अघि बढ्दै

खगेन्द्र कार्की

दमक / दमक नगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका रुपमा पहिचान भएका ६ हजार ४ सय २६ निवेदकको भूमि व्यवस्थापनसम्बन्धी प्रक्रिया द्रुत गतिमा अगाडि बढेको छ । नगरपालिकाले निवेदन दिएर निस्सा प्राप्त गरेका आवेदकहरुको विवरण प्रणालीमा प्रविष्ट भइसकेको जनाउँदै नयाँ कार्यविधिअनुसार आवश्यक प्रक्रिया पूरा गर्न सबै वडा कार्यालयलाई पत्राचार गरेको छ ।

यसअघि सबै वडाबाट निवेदन संकलन गरी निस्सा वितरणको काम भइसकेको थियो । तर भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा भएको तोडफोड तथा आगजनीबाट केही निवेदन तथा कागजात नष्ट भएपछि ती विवरणलाई पुनः व्यवस्थित गर्दै प्रक्रिया अघि बढाउनुपर्ने अवस्था आएको दमक नगरप्रमुख रामकुमार थापाले बताए ।

दमक नगरपालिका भूमि समिति शाखा प्रमुख सविता धितालका अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण संकलन तथा व्यवस्थापनको काम प्रक्रियाअनुसार अघि बढाइएको छ । नष्ट भएका अभिलेख तथा विवरणको अवस्थासमेत यकिन गर्दै आवश्यक अद्यावधिकको प्रक्रिया अघि बढाइएको बताईन । उनले उपलब्ध गराएको विवरण अनुसार जेनजी आन्दोलनका क्रममा दमकका ४५३ वटा विवरण

नष्ट भएका छन् । सबैभन्दा धेरै वडा नं. १० मा २८३ वटा विवरण नष्ट भएको शाखाको तथ्यांक छ । त्यहाँ भूमिहीन दलितका ७, भूमिहीन सुकुम्बासीका ८६ र अव्यवस्थित बसोबासीका १९० विवरण नष्ट भएका छन् । वडा नं. १ मा ९०, वडा नं. २ मा २३, वडा नं. ३ मा १०, वडा नं. ४ मा १७, वडा नं. ५ मा ९, वडा नं. ७ मा १०, वडा नं. ८ मा ७ र वडा नं. ९ मा ४ वटा विवरण नष्ट भएको अभिलेखमा उल्लेख छ । वडा नं. ६ मा नष्ट भएको विवरण उल्लेख गरिएको छैन ।

नष्ट भएका विवरणका कारण वास्तविक लाभग्राही प्रक्रियाबाट छुट्न नदिन नियमानुसार नगरपालिकाले अभिलेख पुनः व्यवस्थापनको काम अघि बढाएको छ ।

शाखाका कर्मचारी सुमनकुमार सिंहका अनुसार संकलित विवरणको अभिलेखीकरण, कागजात परीक्षण तथा प्रक्रिया पूरा भएका निवेदनलाई क्रमशः अगाडि बढाउने काम भइरहेको छ ।

यसै क्रममा जिल्ला भूमि समस्या समाधान समिति झापाले २०८३ साउन १३ गते २१ दिने सूचना जारी गर्दै विगतका आयोगमा निवेदन दिएका, सूचना प्रणालीमा दर्ता भएका वा निस्सा प्रमाण प्राप्त गरेका तर जेनजी आन्दोलनका क्रममा आगजनी तथा तोडफोडबाट निवेदन नष्ट भएका नागरिकलाई आवश्यक प्रमाण कागजातसहित सम्बन्धित वडा कार्यालयमा पुनः निवेदन दिन आह्वान गरेको थियो ।

जिल्ला समितिको साउन ११ गतेको निर्णयअनुसार जारी सूचनामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलनसम्बन्धी कार्यविधि, २०८३ को अनुसूची ३ र ४ बमोजिम छुट्टाछुट्टै निवेदन दिन भनिएको छ । नगरपालिकाले

बाँकी 8 पेजमा ▸▸

मेची सहकारी संस्थाको साधारणसभा सम्पन्न

दमक/दमकस्थित मेची बहुउद्देश्यीय सहकारी संस्था लि.को एकिकृत माइन्युट प्रमाणिकरण तथा साधरणसभा सम्पन्न भएको छ । शुक्रवार उर्लावारीमा सम्पन्न साधारण सभाको उद्घाटन राष्ट्रिय सहकारी महासंघका कार्यवाहक अध्यक्ष रमेशप्रसाद पोखरेलले गरेका थिए । साधारण सभाको अवसरमा संस्थालाई विभिन्न माध्यमबाट योगदान पुऱ्याउने ब्यक्तित्व र विभिन्न विधाका उत्कृष्ट कर्मचारीलाई सम्मान गरिएको थियो । सम्मानित हुने कर्मचारीहरूमा विक्रम धिमाल, तुलसा पोखरेल, आशिका मैनाली, ओमप्रकाश मिश्र, टिकाकुमारी भट्टराई, टिकाराम विश्वकर्मा रहेका छन् ।

यसैगरी समिति/उपसमिति

बाँकी 8 पेजमा ▸▸

पूर्वसन्देश सम्पादक सम्मानित

दमक / दमकस्थित मेची बहुउद्देश्यीय सहकारी संस्थाले साधारण सभाको अवसर पारेर झापाका दुई ब्यक्तित्वलाई स्व. गणेशप्रसाद बस्नेत सहकारी अभियन्ता तथा पत्रकारिता पुरस्कारले सम्मान गरेको छ । जसमा पूर्वसन्देश दैनिक तथा जनज्योति साप्ताहिकका प्रकाशक/सम्पादक गञ्जबहादुर दाहाल र सहकारी अभियन्ता तथा जिल्ला सहकारी संघका पूर्व अध्यक्ष हरिचरण बानियालाई सम्मान गरेको हो । कार्यक्रमका प्रमुख अतिथि तथा संस्थाका अध्यक्षले सम्मानित दुबैजनालाई दोसल्ला आढाई, सम्मान पत्र तथा नगदसहित सम्मान गरिएको संस्थाका अध्यक्ष नारायण प्रसाद भट्टराईले जानकारी दिए ।

प्रधानमन्त्री र मन्त्रीहरूले एक महिनाको तलब दैवी प्रकोप कोषमा जम्मा गर्ने

दमक/ प्रधानमन्त्री र मन्त्रीहरूले एक महिनाको पारिश्रमिक प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा गर्ने भएका छन् । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले पत्रकार सम्मेलनमा बताए । भदौ १० गते भोटेकोसीमा आएको विनाशकारी बाढीले पुऱ्याएको ठूलो क्षति र पुनर्निर्माणको लागि सरकारले कोषमा सहयोग गर्न आह्वान गरिसकेको छ ।

डीएपी मल खरिद गर्न सहमति प्रदान

दमक/ सरकारले भारतसँग जीटुजी (सरकार-सरकार) माध्यमबाट २५ हजार मेट्रिक टन डीएपी मल खरिद गर्न कृषि सामग्री लिमिटेडलाई सैद्धान्तिक सहमति दिएको छ । शुक्रबार बसेको मन्त्रिपरिषद्को बैठकले उक्त परिमाणको डीएपी मल खरिद गर्न कृषि सामग्री लिमिटेडलाई सैद्धान्तिक स्वीकृति दिने निर्णय गरेको हो । बजारमा रासायनिक मलको आपूर्ति सहज बनाउन आवश्यक डीएपी मलको आपूर्ति सुनिश्चित गर्ने उद्देश्यले खरिद प्रक्रिया अघि बढाउने निर्णय गरिएको हो ।

झापाका १२ जना सम्पर्कविही

दमक/ रोजगारी तथा व्यवसायका लागि रसुवा पुगेका झापाका १२ जना भोटेकोशी नदीमा आएको बाढीपछि सम्पर्कविहीन भएका छन् । बाढीपछि आफन्तसँग सम्पर्क टुटेपछि परिवारजन उनीहरूको अवस्थाबारे खबरको पर्खाइमा छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रञ्जन अवाका अनुसार सम्पर्कविहीनमध्ये १० जना झापाका तथा इलाम र सप्तरीका एक-एक जना छन् । उनीहरूमध्ये केही जलविद्युत् आयोजना तथा निर्माण कम्पनीमा कार्यरत थिए ।

सम्पर्कविहीन हुनेमा बुद्धशान्ति-२ का राजकुमार दियाली, उनकी श्रीमती श्रुती र चार वर्षीय छोरा श्रीराजसहित मेचीनगर, कनकाई, शिवसताक्षी, गौरीगञ्ज र दमकका बासिन्दा रहेका छन् । इलामका विनोद राई र सप्तरीका नवीन श्रेष्ठ पनि सम्पर्कविहीन छन् ।

बाढीका कारण ५ सय ४७ जनाको शव फेला

दमक/ रसुवाको भोटेकोशी हुँदै त्रिशूली नदीमा आएको बाढीका कारण यो समाचार तयार पार्दासम्म ५ सय ४७ जनाको शव फेला परेको छ । नेपाल प्रहरीले सार्वजनिक गरेको जानकारी अनुसार बुधबारको बाढीका कारण ५ सय ४७ शव फेला परेको हो ।

रसुबामा १३, नुवाकोटमा ३८, धाँदिङमा ४०, गोरखामा ४४, नबलपुरमा १३४, नबलपरासीमा २८, तनहुँमा २९ र सबैभन्दा बढी २२१ शव चितवनमा भेटिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधीकरणका अनुसार ९७७ जना सम्पर्क विहिन छन् । प्रहरीका २८, सेनाका ४५, शसस्त्र प्रहरीका १३, भन्सार कार्यालयका १५, अध्यागमन कार्यालयका ४, रसुबा र नुवाकोटबाट १६२ जना सम्पर्क विहिन भएको प्राधीकरणले जानकारी गराएको छ । नेपाल प्रहरीले दिएको जानकारी अनुसार हालसम्म १ हजार ४७३ जनाको उद्धार गरिएको छ ।

७०६ जना विदेशी नागरिकको उद्धार

दमक/ रसुवाको भोटेकोशी हुँदै त्रिशूलीमा आएको बाढीमा फसेकामध्ये ७०६ जना विदेशी नागरिकको उद्धार गरिएको छ । उनीहरूको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको हो। आज दिउँसो ३ बजेसम्म टिमुरे, स्याफ्रुबेंसी, मैलुङलगायतका इलाकाहरुबाट ४० जना विदेशी नागरिक (२९ भारतीय, ४ जर्मन, ४ चिनिया, १ ओमान, २ कोरियन) सहित ७०६ जनाको उद्धार गरिएको छ ।

साथै, प्रभावित जिल्लाहरुमा राहत र उद्धारका लागि करिब ४ हजार ५ सयभन्दा बढी सेना खटिएको बताइएको छ ।

विदेशी दातृ संस्थाको सहयोग

दक्षिण कोरिया : उद्धार टोली र १० लाख डलर

दक्षिण कोरियाले उद्धार तथा प्राविधिक सहयोगमा विशेष चासो देखाएको छ । कोरियाले प्रारम्भिक प्रतिक्रिया टोली नेपाल पठाइसकेको छ भने थप विपद् राहत टोली पठाउने जनाएको छ । साथै अन्तर्राष्ट्रिय संस्थामार्फत १० लाख अमेरिकी डलर (१५.३ करोण नेपाली रुपैयाँ) बराबरको मानवीय सहायता उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ ।

बेलायत : ५ मिलियन पाउन्ड र आपत्कालीन जनशक्ति

बेलायतले ५ मिलियन पाउन्ड अर्थात् करिब १ अर्ब ३ करोड ९५ लाख नेपाली रुपैयाँ बराबरको सहयोग घोषणा गरेको छ । बेलायती प्रधानमन्त्री एन्डी बर्नहमले नेपालमा आपत्कालीन उद्धार तथा प्रतिक्रिया जनशक्ति पठाउने प्रस्तावसमेत गरेका छन् । बेलायतको चासोको एउटा कारण ठुलो सङ्ख्यामा बेलायती नागरिक पनि बाढीपछि सम्पर्कबहीन हुनु हो । बेलायती विदेशमन्त्री एड मिलिब्यान्डले नेपाली विदेशमन्त्री शिशिर खनालसँग टेलिफोन वार्ता गर्दै नेपालप्रति आफ्नो सरकारको बलियो समर्थन व्यक्त गरेका थिए ।

अमेरिका : ५ लाख डलर र विपद् विशेषज्ञ

अमेरिकाले पनि ५ लाख अमेरिकी डलर (रु. ७ करोड ६६ लाख) बराबरको सहयोग उपलब्ध गराउने घोषणा गरेको छ । साथै अमेरिकी सरकारले नेपालमा विपद् प्रतिक्रिया सल्लाहकार पठाउने जनाएको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले नेपाललाई मानवीय सहायता उपलब्ध गराउन अमेरिका तयार रहेको बताएका छन् । अमेरिकी सहयोग तत्काल उद्धारभन्दा पनि मानवीय सहायता तथा प्राविधिक परामर्शमा केन्द्रित हुने देखिन्छ ।

युरोपेली संघ : थप सहयोग परिचालन गर्ने तयारी

युरोपेली संघले पनि नेपाललाई थप युरोपेली सहायता परिचालन गर्न तयार रहेको जनाएको छ । युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयेनले नेपालप्रति ऐक्यबद्धता व्यक्त गर्दै थप सहयोग परिचालनको तयारी रहेको बताएकी छन् । युरोपेली संघबाट ठोस रकम घोषणा भइनसके पनि यसको प्रतिबद्धता आगामी राहत तथा पुनर्निर्माण चरणमा महत्त्वपूर्ण हुनसक्ने देखिन्छ ।

संयुक्त राष्ट्रसंघ : जनशक्ति र राहत सामग्री परिचालन

संयुक्त राष्ट्रसंघले पनि नेपालमा आफ्नो मानवीय संयन्त्र सक्रिय बनाएको छ । महासचिव एन्टोनियो गुटेरेसले संयुक्त राष्ट्रसंघीय टोली र साझेदार संस्थाहरूले नेपाललाई बाढी प्रतिकार्यमा सहयोग गर्न सामग्री तथा जनशक्ति परिचालन गरिरहेको बताएका छन् । यसले तत्काल राहतसँगै स्वास्थ्य, खाद्य

बाँकी 8 पेजमा ▸▸

कोशीका १३८ जना सम्पर्कविहीन

दमक/ भदौ १० गते रसुवास्थित भोटेकोशी नदीमा आएको आकस्मिक बाढीका कारण कोशी प्रदेशका १३८ जना नागरिक अझै सम्पर्कविहीन रहेका छन् ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख डीआईजी शेखर खनालका अनुसार प्रभावित क्षेत्रमा रहेका कोशी प्रदेशका कुल १५३ जना नागरिकमध्ये हालसम्म १५ जना मात्र सम्पर्कमा आएका छन् । बाढीको प्रभावमा परेकामध्ये सबैभन्दा ठूलो संख्या सोलुखुम्बु जिल्लाका नागरिकको रहेको छ । सोलुखुम्बुका कुल ४१ जनामध्ये २ जना मात्र सम्पर्कमा आउन सफल भएका छन् भने ३९ जनाको अवस्था अझै अज्ञात छ ।

त्यसैगरी ओखलढुङ्गाका २१ जनामध्ये २० जना, उदयपुरका १८ जनामध्ये १५ जना, सुनसरीका १७ जनामध्ये १५ जना तथा मोरङका १६ जनामध्ये १६ जना नै सम्पर्कविहीन रहेका छन् । झापाका १२ जनामध्ये १० जना, इलामका ९ जनामध्ये ७ जना, खोटाङका ८ जनामध्ये ८ जना, ताप्लेजुङका ५ जनामध्ये २ जना, सुन्धासभाका ३ जना, धनकुटाका २ जना र भोजपुरका १ जना नागरिक अझै सम्पर्कमा आउन बाँकी छन् । पाँचथर र तेह्रथुम जिल्लाबाट भने कुनै पनि नागरिक बेपत्ता वा प्रभावित नभएको जनाइएको छ ।

आत्महत्या समस्याको समाधान होइन:

आत्महत्याका प्रमुख कारण:

- मानसिक तनाव, डिप्रेशन, एक्लोपन वा निराशा,
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत ।

रोकथामका लागि:

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं।

"एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं"

नेपाल सरकार

विज्ञापन बोर्ड

सम्पादकीय

समयमै कांग्रेसको महाधिवेशन हुन आवश्यक

नेपाली कांग्रेसको १५औं महाधिवेशन रोक्न माग गर्दै सर्वोच्च अदालतमा दायर गरिएको निवेदनमा अन्तरिम आदेश जारी नभएपछि मुलुकको प्रमुख लोकतान्त्रिक दलभित्रको नेतृत्व सम्बन्धी विवादले अब संवैधानिक र कानुनी रूपमा नयाँ मोड लिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशहरु नहकुल सुवेदी, महेश शर्मा पौडेल र मेघराज पोखरेलको इजलासले पूर्वसभापति शेरबहादुर देउवा र पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काद्वारा दायर गरिएको पूरक निवेदनलाई खारेज गर्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । अदालतको यो कदमले दलभित्र देखिएका विवादहरुलाई अदालती प्रक्रियाबाट लम्ब्याउनुको सट्टा राजनीतिक तथा सांगठनिक विधिबाटै टुंग्याउनुपर्ने स्पष्ट संदेश दिएको छ ।

यसअघि नै निर्वाचन आयोगले गगन थापा नेतृत्वको समितिलाई आधिकारिकता प्रदान गरिसकेको र सर्वोच्च अदालतको संयुक्त इजलासले २०८३ वैशाख ४ गते आयोगको सोही निर्णयलाई सदर गर्दै रिट खारेज गरिसकेको विषय यस आदेशको मुख्य आधार बनेको छ ।

कानुनतः पुनरावलोकनको आदेश हुँदा मात्र फैसलाको कार्यान्वयन स्थगन हुने हो, तर मूल रिट नै खारेज भइसकेको अवस्थामा थप अन्तरिम आदेश जारी गर्नुपर्ने कानुनी आधार नरहेको सर्वोच्चको ठहर बिल्कुल तर्कसंगत छ । अदालतले राजनीतिक दलका आन्तरिक विवादमा अनावश्यक हस्तक्षेप गर्नुभन्दा कानुनी प्रक्रियाको परिधि र स्थापित नजिरलाई पालना गर्नु वाञ्छनीय मानेको देखिन्छ ।

मूल रिट खारेज भइसकेको स्थितिमा महाधिवेशन रोक्ने गरी अन्तरिम आदेश दिन नपर्ने सर्वोच्चको यो ठहर कानुनी दृष्टिले न्यायसंगत छ । अदालतको यो निर्णयसँगै अब नेपाली कांग्रेसलाई १५औं महाधिवेशनमार्फत दलभित्रको वैधानिकता र नेतृत्वको अन्योललाई पूर्ण रूपमा किनारा लगाउने बाटो खुलेको छ । दलहरुभित्र देखिएका आन्तरिक असन्तुष्टि र नेतृत्वका प्रश्नहरु अदालती लडाइँभन्दा पनि लोकतान्त्रिक प्रक्रिया र दलीय सुझबुझबाट हल हुनुपर्छ भन्ने यो गतिलो उदाहरण हो । अदालतको यो आदेशले कांग्रेसभित्रको कानुनी अन्योललाई चिर्दै १५औं महाधिवेशनको मार्गप्रशस्त गरेको छ । यसै सन्दर्भमा, पार्टीको नेतृत्व पंक्ति र सम्बन्धित पक्षले यसलाई हारजितको रूपमा नलिनु बुद्धिमानी हुनेछ । दलको दीर्घकालीन हित, सांगठनिक एकता र सुदृढीकरणका लागि अब सबै पक्षले निर्वाचन प्रक्रियामार्फत लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात् गर्दै अघि बढ्नु नै आजको मुख्य आवश्यकता हो ।

प्रेरक भनाईहरु

१, विनम्रता सबै गुणको आधारशिला हो । विनम्रता विना अन्य गुणको अवस्था त्यस्तै हुन्छ, जस्तो नून विना तरकारीको हुन्छ । त्यसैले यदि ज्ञानी र गुणी बन्नु छ भने पहिले विनम्र हुन सिक्नुपर्छ ।- चिनियाँ दार्शनिक कन्फ्युसियस

२, अरूको निन्दा वा चियोचर्चो गर्दै हिँड्ने मानिसले विना काममा आफ्नो शक्ति खेर फालिरहेको हुन्छ । जीवनमा केही गर्नुछ भने, केही गरेर देखाउनु छ भने अरूले के गरे र के भने भन्नेतिर नभई आफूले के गरिएको छ र के भनिएको छ भन्नेतिर ध्यान दिनुपर्ने हुन्छ । होइन भने जीवन व्यर्थ बितिरहेको हुन्छ । विलियम शेक्सपियर

३, प्रतिकुल अवस्थामा शत्रुलाई पनि काँधमा बोकेर हिँड्नुपर्ने हुन्छ । होइन भने विजयको चाहना चाहनामै सीमित हुन्छ । -महर्षि वेदव्यास

४, बहस वा विरोध गर्न सकिन्छ तर यसबाट पूर्णरूपमा जित्न भने कसैलाई पनि सकिन्न । भौतिकरूपमा जित्न सके पनि उसको सद्भावलाई जित्न भने सकिएको हुँदैन ।- डेल कार्नेगी

५, रिसको कुनै काम छैन । जति बढी क्रोध गरियो त्यति बढी आफैँलाई हानि गरिरहेको हुन्छ । प्रत्येक एक मिनेट क्रोध गर्नु भनेको साठी सेकेन्ड मनको शान्ति हराउनु हो । त्यसैले जीवनमा कसैले केही गर्न सक्छ त्यसैले सक्छ, जसले क्रोधमाथि विजय पाउने प्रयास गरेको हुन्छ । - इमर्सन

परिवर्तनको दाबी होइन, अनुभूति आवश्यक

सम्झना वाग्ले मट्टराई

परिवर्तनको असली अर्थ सरकारमा नयाँ अनुहार आउनु मात्र होइन, शासन गर्ने शैली बदलिनु हो । पुराना गल्ती नयाँ अनुहारले दोहोऱ्यायो भने त्यो परिवर्तन होइन, सत्ताको निरन्तरता हो । त्यसैले अहिले उठिरहेका आलोचना र असन्तुष्टिलाई सरकारले चेतावनीका रूपमा लिनुपर्छ । जनताको निराशा गहिरिनुअघि कार्यशैली बदल्नुपर्छ, प्राथमिकता बदल्नुपर्छ र जवाफदेहिताको संस्कृति स्थापित गर्नुपर्छ ।

राजनीतिमा सत्ता परिवर्तनलाई प्रायः नयाँ सुरूवात र नयाँ सम्भावनाका रूपमा हेरिन्छ । अझ उथलपुथलकारी घटनापछि बनेको सरकारसँग जनअपेक्षा झन् बढी हुन्छ । नयाँ अनुहार, नयाँ दल र नयाँ नारासहित कुनै शक्ति सत्तामा पुग्दा नागरिकले पुरानो शासनशैलीका कमजोरी अन्त्य हुने र नयाँ राजनीतिक संस्कार स्थापित हुने अपेक्षा गर्नु स्वाभाविक हो ।

तर, नयाँ शक्तिमा पनि पुरानै शैली, उही अहंकार, उही अव्यवस्था र उस्तै जवाफदेहिताको अभाव देखिन थाल्यो भने प्रश्न उठ्छ(परिवर्तन आखिर के भयो?

स्वर्गीय नेता प्रदीप गिरीको भनाइ थियो- 'रक्सीको नशा खाएपछि लाग्छ, पैसाको नशा पाएपछि लाग्छ तर यो सत्ताको नशा भने गाएपछि लाग्दो रहेछ ।'

सत्ताको नशा लागेपछि हिंजो गरेका प्रतिबद्धता र आजको व्यवहारबीचको दूरी देख्न नसक्ने अवस्था आउन सक्छ । सामाजिक सञ्जालबाट पाएको लोकप्रियता र प्रशंसाले सत्तासीन सांसद तथा नेताहरूमा अहंकार बढ्दै गएको अनुभूति हुन थालेको छ । तर सत्ता आफैँमा खराब कुरा होइन । लोकतन्त्रमा सत्ता जनताको सेवा गर्ने माध्यम हो । समस्या त्यतिबेला सुरू हुन्छ, जब सत्ता जनअपेक्षा पूरा गर्ने साधन नभएर आत्मसन्तुष्टि, शक्ति प्रदर्शन र स्वार्थपूर्तिको माध्यम बन्न थाल्छ ।

आज नयाँ राजनीतिक शक्ति र नयाँ सरकारको कार्यशैलीमाथि उठिरहेका प्रश्नको मूलमा यही चिन्ता छ ।

परिवर्तनको नाराबाट शासनको व्यवहारसम्म

नयाँ राजनीतिक शक्ति उदय हुँदा पुराना दल असफल भए, पुरानो नेतृत्वले जनताको भावना बुझ्ने, राज्य संयन्त्र भ्रष्ट भयो र प्रशासनिक संरचना निकम्मा भयो भन्ने आलोचना व्यापक थियो । सुशासन, पारदर्शिता, जवाफदेहिता र जनताको प्रत्यक्ष सहभागिता उनीहरूका प्रमुख राजनीतिक नारामध्ये थिए ।

तर सरकार सञ्चालनको वास्तविक परीक्षा भाषणमा होइन, व्यवहारमा हुन्छ । मन्त्रीहरूले कसरी काम गर्छन्? राज्यका निकायमा कस्ता मानिस नियुक्त हुन्छन्? आलोचनाको सामना कसरी गरिन्छ? नागरिकका दैनिक समस्यालाई कति प्राथमिकता दिइन्छ? समर्थक र विरोधीप्रति राज्यको व्यवहार समान हुन्छ कि हुँदैन?

यिनै प्रश्नको उत्तरले सरकार वास्तवमै नयाँ हो कि केवल अनुहार नयाँ भएको हो भन्ने निर्धारण गर्छ ।

अहिलेको अवस्था हेर्दा 'नयाँ' सरकारको अनुभूति नागरिकले पर्याप्त रूपमा गर्न सकेका छैनन् । खेतीको मुख्य समयमा मलको समस्या कायमै छ । ग्यास र पासपोर्टका लागि लाइनमा बस्नुपर्ने अवस्थाले नागरिकलाई अझै राज्यको पुरानै कार्यशैली सम्झाइरहेको छ । व्यावसायिक वातावरणमा अपेक्षित सुधार देखिएको छैन भने महँगी नियन्त्रण पनि सरकारका लागि चुनौती बनेको छ ।

सांसदको मर्यादा र जवाफदेहिता

जनमत पाएर निर्वाचित हुनु भनेको निर्वाचन जितेर संसद् प्रवेश गर्नु मात्र होइन । यो जनताले आफ्ना समस्या, अपेक्षा र अधिकारलाई नीतिगत रूपमा सम्बोधन गर्ने जिम्मेवारीसमेत सुम्पिनु हो ।

त्यसैले सांसदका बोली, व्यवहार र निर्णयमा जनताप्रतिको उत्तरदायित्व र संसदीय मर्यादा देखिनुपर्छ । तर पछिल्लो समय केही सांसदको व्यवहार हेर्दा जनमतबाट प्राप्त विजयलाई उच्छृंखलता प्रदर्शन गर्ने लाइसेन्सका रूपमा बुझ्न थालिएको अनुभूति हुन्छ ।

सामाजिक सञ्जालमा भाइरल हुने गरी बोल्नु र संसदमा जिम्मेवार राजनीतिक अभिव्यक्ति दिनु फरक कुरा हो । जनप्रतिनिधिको एउटा अभिव्यक्तिले हजारौँ मानिसको धारणा प्रभावित गर्न सक्छ । संवेदनशील विषयमा गैरजिम्मेवार अभिव्यक्तिले सामाजिक तनावसमेत बढाउन सक्छ ।

संसद लोकतन्त्रको प्रमुख जनप्रतिनिधिमूलक संस्था हो । यहाँ हुने बहस, छलफल र निर्णयले मुलुकको शासन प्रणालीदेखि नागरिकको दैनिक जीवनसम्म प्रभाव पार्छ । त्यसैले सांसदहरूले व्यक्तिगत लोकप्रियता र राजनीतिक प्रदर्शनभन्दा माथि उठेर राष्ट्रिय हित तथा जनताको अपेक्षालाई प्राथमिकता दिनुपर्छ ।

स्वतन्त्र रूपमा बोल्ने अधिकार लोकतन्त्रको आधार हो । तर स्वतन्त्रता र गैरजिम्मेवार अभिव्यक्तिबीचको सीमा बुझ्नु पनि जनप्रतिनिधिकै जिम्मेवारी हो । नयाँ राजनीतिक शक्तिले आफ्ना सांसदलाई यही संस्कार सिकाउन आवश्यक छ ।

नेतृत्वको मौनता पनि सन्देश हो

नयाँ राजनीतिक शक्तिको लोकप्रियताको आधार नै पुराना राजनीतिक दलप्रतिको असन्तुष्टि र आफू फरक हुने दाबी थियो । निर्वाचनमा नागरिकले त्यही आशा बोकेर नयाँ शक्तिलाई ठूलो मत दिएका हुन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसहितका नेताले चुनावअघि भ्रष्टाचार, प्रशासनिक बेथिति र राजनीतिक जवाफदेहिताका विषयलाई आक्रामक रूपमा उठाएका थिए । उनीहरूको भाषणले ठूलो जनसमर्थन पनि पायो ।

तर सत्ता प्राप्तिपछि जनसरोकारका मुद्दामा त्यही स्तरको सार्वजनिक हस्तक्षेप र सक्रियता देखिएन भन्ने गुनासो बढ्न थालेको छ ।

सुकुम्बासी समस्या समाधानदेखि प्रशासनिक चुस्तता, मन्त्रीहरुको जवाफदेहितादेखि विभिन्न नियुक्तिसम्म नागरिकले प्रश्न उठाइरहेका छन् । संसदमा कानुन निर्माणको कामलाई लिएर पनि प्रश्न छन् ।

रास्पपाले सांसद अभिमुखीकरण कार्यक्रम गरेको छ । सभापति लामिछानेले मन्त्री तथा सांसदको कार्यशैली र व्यवहार सुधार्न निर्देशन दिएको खबर पनि आएको छ । तर निर्देशनले मात्र पर्याप्त परिणाम दिएको देखिँदैन ।

एकातिर सरकारका जिम्मेवार व्यक्तिहरुका विवादास्पद अभिव्यक्ति सार्वजनिक भइरहेका छन्, अर्कोतर्फ प्रधानमन्त्री तथा सत्तारूढ दलको नेतृत्व मौन देखिन्छ । राजनीतिमा मौनता पनि एउटा सन्देश हो । जनताको समस्या बढिरहेका बेला नेतृत्व मौन बस्दा त्यसलाई नागरिकले उदासीनताका रूपमा बुझ्न सक्छन् ।

सत्तामा पुगेपछि जनताको प्रश्नबाट टाढा हुने होइन, भन् नजिक जानुपर्ने हो ।

नियुक्तिमा प्रश्न उठेपछि जवाफ चाहिन्छ

सार्वजनिक तथा प्राज्ञिक संस्थामा गरिएका नियुक्तिमाथि प्रश्न उठ्नु अस्वाभाविक होइन । कुनै नियुक्ति कानुनी रूपमा वैध हुँदैमा त्यो राजनीतिक र नैतिक रूपमा पनि निर्विवाद हुन्छ भन्ने हुँदैन ।

विशेषगरी नियुक्ति पाउने व्यक्तिको योग्यता, विगतका सार्वजनिक अभिव्यक्ति, आचरण वा सम्बन्धलाई लिएर प्रश्न उठेमा सरकारले स्पष्ट जवाफ दिनुपर्छ । विवादमा परेपछि मौन बस्नु समाधान होइन ।

नयाँ सरकारबाट नागरिकले अपेक्षा गरेको कुरा 'हाम्रा मान्छे' होइन, 'योग्य मान्छे' हो । नातावाद, कृपावाद र राजनीतिक भागबण्डाबाट मुक्त नियुक्ति नयाँ राजनीतिक संस्कारको एउटा आधार हो ।

सरकारले नियुक्तिमा कम्तीमा योग्यता, समावेशिता, पारदर्शिता र सार्वजनिक जवाफदेहिता सुनिश्चित गर्नुपर्छ । कसलाई नियुक्त गरियोभन्दा पनि किन नियुक्त गरियो भन्ने प्रश्नको उत्तर दिन सक्नुपर्छ ।

सत्ताको केन्द्रमा आमनागरिक

राजनीतिक बहसको केन्द्रमा सबैभन्दा पहिले नागरिकको दैनिक जीवन हुनुपर्छ । सरकारी सेवा लिन कति समय लाग्छ? बजारमा अत्यावश्यक वस्तु सहज छन् कि छैनन्? रोजगारीका अवसर बढेका छन् कि छैनन्? महँगीले परिवारको आन्दानीमा कति असर पारेको छ? स्वास्थ्य र शिक्षाको खर्च घटेको छ कि बढेको छ?

नागरिकले सरकारको मूल्यांकन भाषणबाट होइन, आफ्ने जीवनबाट गर्छ । ग्यासको लाइन वा पासपोर्टको लाइन केवल प्रशासनिक समस्या होइनन् । ती राज्यको कार्यक्षमताका सूचक हुन् । सामान्य सेवा लिन नागरिकले अनावश्यक दुःख पाउनुपर्छ भने 'सुशासन' र 'परिवर्तन'का ठूला नाराले उल्टै निराशा बढाउँछन् ।

परिवर्तनको अनुभूति नागरिकको जीवनमा देखिन सकेन भने राजनीतिक परिवर्तनप्रतिको उत्साह क्रमशः निराशामा बदलिन्छ ।

अब कार्यशैली बदल्नैपर्छ

नयाँ सरकारसँग सुधारको पर्याप्त अवसर छ । संसदमा बलियो बहुमत छ । राजनीतिक भागबण्डाबाट सत्ता टिकाइरहनुपर्ने बाध्यता पनि तुलनात्मक रूपमा कम छ । त्यसैले अहिलेको सरकारसँग बहाना बनाउनेभन्दा परिणाम देखाउने जिम्मेवारी बढी छ ।

सरकारले आफ्नो कार्यशैलीको समीक्षा गर्नुपर्छ । संसदलाई प्रभावकारी बनाउनुपर्छ । सांसदहरूको उपस्थिति र भूमिकालाई जिम्मेवार बनाउनुपर्छ । मन्त्री तथा सांसदका अभिव्यक्तिमा मर्यादा र तथ्यपरकता कायम गर्नुपर्छ । विवादित नियुक्तिमाथि सार्वजनिक जवाफ दिनुपर्छ । प्रशासनिक सेवामा देखिएका ढिलासुस्ती र अव्यवस्थाको तत्काल समाधान खोज्नुपर्छ ।

रोजगारी, महँगी, शिक्षा, स्वास्थ्य, नागरिकता, राहदानी र अन्य अत्यावश्यक सेवामा देखिने सुधार नै सरकारको वास्तविक उपलब्धि बन्न सक्छ ।

सबैभन्दा महत्वपूर्ण कुरा, सत्ता जनताको विश्वासबाट प्राप्त भएको हो भन्ने कुरा नेतृत्वले बिर्सनु हुँदैन । नयाँ दलले पुराना दलका कमजोरी गनेर मात्र आफ्नो औचित्य प्रमाणित गर्न सक्दैन । उसले आफ्नै शासनमा फरक संस्कार देखाउनुपर्छ ।

जनताले राजनीतिक नाराभन्दा परिणाम खोज्छन् । आफ्नो काम कति सहज भयो, रोजगारीको सम्भावना कति बढ्यो, सरकारी सेवा कति छिटो पाए, भ्रष्टाचार कति घट्यो र राज्यप्रति भरोसा कति बढ्यो(नागरिकका लागि मूल्यांकनका वास्तविक आधार यिनै हुन् ।

परिवर्तनको असली अर्थ सरकारमा नयाँ अनुहार आउनु मात्र होइन, शासन गर्ने शैली बदलिनु हो । पुराना गल्ती नयाँ अनुहारले दोहोऱ्यायो भने त्यो परिवर्तन होइन, सत्ताको निरन्तरता हो ।

त्यसैले अहिले उठिरहेका आलोचना र असन्तुष्टिलाई सरकारले चेतावनीका रूपमा लिनुपर्छ । जनताको निराशा गहिरिनुअघि कार्यशैली बदल्नुपर्छ, प्राथमिकता बदल्नुपर्छ र जवाफदेहिताको संस्कृति स्थापित गर्नुपर्छ ।

नत्र इतिहासले फेरि त्यही प्रश्न दोहोऱ्याउनेछ(परिवर्तनका लागि आएको शक्ति अन्ततः किन पुरानै ढर्रामा पुग्यो ?

जनताले नयाँ सरकार असफल भएको हेर्न चाहेका होइनन् । जनतेरु सफल भएको हेर्न चाहन्छन् । तर सफलता नाराले होइन, सुशासनले प्रमाणित गर्नुपर्छ; भाषणले होइन, परिणामले देखाउनुपर्छ । अहिलेको सबैभन्दा ठूलो आवश्यकता सत्ताको मात होइन, जनताको पीडा बुझ्ने र समस्या समाधान गर्ने तत्परता हो । परिवर्तनको दाबी होइन, नागरिकले आफ्नो जीवनमा महसुस गर्ने परिवर्तन हो ।

- शिलापत्र

भारतलाई पौने करोड नर्सको खाँचो, विश्वभर छ नर्सको अभाव

दमक/ भारतमा प्रति १० हजार जनसत्त्यामा औसत १०.५ डाक्टर र १०.८ नर्स उपलब्ध छन्, जसले गर्दा १९ लाख डाक्टर र ७६ लाख नर्सको तत्काल आवश्यकता छ ।

चीन र अमेरिकाको तुलनामा भारतमा स्वास्थ्य जनशक्तिको उपलब्धता निकै कम छ, जहाँ चीनमा प्रति १० हजारमा १२९ र अमेरिकामा ६७८ स्वास्थ्यकर्मी छन् ।

नेपालमा प्रति हजार जनसत्त्यामा १.८६ चिकित्सक र ४.४२ नर्स उपलब्ध छन्, तर न्यून तलब र अत्यधिक कार्यबोझका कारण ठुलो सत्त्यामा नर्सहरु विदेश पलायन भइरहेका छन् ।

भारतमा बढ्दो स्वास्थ्य सेवाको मागअनुसार डाक्टर, नर्स तथा अन्य स्वास्थ्यकर्मीको ठुलो अभाव रहेको एक अध्ययनले देखाएको छ । हाल भारतमा प्रत्येक १० हजार जनसंख्यामा औसत १०.५ डाक्टर र १०.८ नर्समात्र उपलब्ध छन् ।

सबै नागरिकलाई पर्याप्त स्वास्थ्य सेवा उपलब्ध गराउन भारतलाई करिब १९ लाख थप डाक्टर र ७६ लाख नर्स आवश्यक पर्ने देखिएको छ ।

'द ल्यान्सेट पब्लिक हेल्थ'को रिपोर्टअनुसार भारतमा प्रत्येक १० हजार जनसत्त्यामा सबै प्रकारका स्वास्थ्यकर्मीको संख्या औसत ७३.१ छ । यसमा ८.१ फार्मासिस्ट तथा फार्मेसी सहायक र २.५ दन्त चिकित्सक छन्, तर स्वास्थ्य प्रणालीमा आवश्यक अन्य विशेषज्ञ जनशक्तिको उपलब्धता निकै कम रहेको रिपोर्टले जनाएको छ ।

मानसिक स्वास्थ्य, पोषण, पुनर्स्थापना, दृष्टि उपचार तथा चिकित्सा प्राविधिक सेवाका विशेषज्ञको अभाव अझ गम्भीर छ । प्रत्येक १० हजार जनसत्त्यामा आहार तथा पोषण विशेषज्ञ र मनोवैज्ञानिकको संख्या केवल ०.३ रहेको रिपोर्टमा उल्लेख छ ।

चीन र अमेरिकाभन्दा भारत निकै पछाडि

स्वास्थ्य जनशक्तिको उपलब्धतामा भारत चीन र अमेरिकाभन्दा निकै पछाडि रहेको देखिएको छ । चीनमा प्रत्येक १० हजार जनसत्त्यामा १२९ स्वास्थ्यकर्मी छन् । चीनमा प्रत्येक १० हजार जनसत्त्यामा डाक्टरको सत्त्या ३१ भन्दा बढी र नर्सको संख्या ५१ छ ।

अमेरिकामा अवस्था अझ फरक छ । त्यहाँ प्रत्येक १० हजार जनसंख्यामा ६७८ स्वास्थ्यकर्मी छन्, जसमा करिब ३० डाक्टर र १६१ नर्सिङ कर्मचारी छन् । रिपोर्टअनुसार मध्यमस्तरको सार्वभौमिक स्वास्थ्य सेवा सुनिश्चित गर्न प्रत्येक १० हजार जनसत्त्यामा कम्तीमा २३.८ डाक्टर, ६४.५ नर्स तथा दाइ, ५.२ दन्त चिकित्सक र ५.६ फार्मासिस्ट आवश्यक पर्छ ।

स्वास्थ्य क्षेत्रमा महिलाको ठुलो भूमिका

भारतको स्वास्थ्य प्रणालीमा महिलाको भूमिका पनि उल्लेखनीय छ । त्यहाँ कुल स्वास्थ्यकर्मीमध्ये ६२ प्रतिशत महिला छन्, तर विभिन्न पेसामा महिलाको सहभागिता समान छैन ।

डाक्टरमध्ये महिलाको हिस्सा ३५३ प्रतिशत रहे पनि नर्सिङ क्षेत्रमा यो ९० प्रतिशत र दाइ तथा प्रसूति सहयोगीमा ८९ प्रतिशत छ । दन्त चिकित्सकमा महिलाको हिस्सा ३१ प्रतिशत छ भने फार्मासिस्टमा केवल ५.२ प्रतिशत छ ।

नेपालमा प्रतिहजार जनसंख्यामा १.८६ चिकित्सक र ४.४२ नर्स

नेपालमा भने सरकारले सार्वजनिक गरेको आर्थिक सर्वेक्षण २०८२/०८३ अनुसार, हाल देशभर प्रतिहजार जनसत्त्यामा १.८६ चिकित्सक र ४.४२ नर्स उपलब्ध छन् । फागुन २०८२ सम्म नेपाल मेडिकल काउन्सिल र नेपाल नर्सिङ काउन्सिलमा दर्ता स्वास्थ्यकर्मीको विवरणका आधारमा तयार गरिएको तथ्यांकअनुसार अघिल्लो आर्थिक वर्षमा प्रतिहजार जनसत्त्यामा नर्सको संख्या २.८६ थियो ।

विभिन्न अध्ययनका अनुसार, नेपालमा स्वास्थ्य प्रणालीलाई सुचारू राख्न र नागरिकलाई गुणस्तरीय सेवा दिन ६५,००० भन्दा बढी नर्सहरुको आवश्यकता देखिन्छ । स्वास्थ्य मन्त्रालय तथा सरोकारवाला निकायहरुको पछिल्लो प्रतिवेदन अनुसार, नेपालमा हाल करिब ५० हजार ५०० नर्समात्र कार्यरत छन् । जसले गर्दा तत्कालै १५ हजार नर्सहरुको प्रत्यक्ष अभाव छ । सन् २०३० सम्मा नेपाल सरकारको प्रक्षेपण अनुसार देशको स्वास्थ्य प्रणालीलाई धान्न सन् २०३० सम्मा ८१ हजार नर्स आवश्यक पर्नेछन् ।

त्यसो त नेपाल नर्सिङ काउन्सिलमा हालसम्म ८८ हजार ५८३ भन्दा बढी रजिष्टर्ड नर्स दर्ता भइसकेका छन्, तर न्यून तलब र अत्यधिक कार्यबोझका कारण ठुलो सत्त्यामा नर्सहरु बेलायत, अष्ट्रेलिया र अमेरिका पलायन भइरहेकाले आन्तरिक अस्पतालहरुमा दरबन्दी खाली नै छन् । जनसंख्या अनुपातः पछिल्लो आर्थिक सर्वेक्षण अनुसार हाल नेपालमा प्रति १,००० जनसत्त्या बराबर ४.४२ नर्सहरु उपलब्ध छन् ।

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरुः
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोंगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

बागडोंगरा

गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडौंगी रोड, डिम्बावन् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७४३१९/४८४२६४५१३६/४८१४४८१४७२०

ইন্দ্রপুরী ট্রেনের ৪৫ বছর

ইন্দ্রপুরী এক্সপ্রেস ৪৫ বছরে পা দিল

ইন্দ্রপুরী এক্সপ্রেস ১৯৮১ সালে চালু হয়েছিল। ৪৫ বছর পেরিয়ে এই ট্রেন যাত্রীদের কাছে নির্ভরযোগ্য পরিষেবা হিসেবে পরিচিত। ৪৫ বছর পূর্তি উপলক্ষে ট্রেনটি বিশেষ সাজে সেজে ওঠে। ট্রেনের বিভিন্ন কামরা ফুল ও আলোয় সাজানো হয়। যাত্রীরা কেক কাটেন এবং একে অপরকে শুভেচ্ছা জানান। ট্রেনের কর্মীরা যাত্রীদের মিষ্টি মুখ করান। স্টেশনে উপস্থিত যাত্রীরা ট্রেনের সামনে দাঁড়িয়ে ছবি তোলেন। ট্রেনের ইঞ্জিন ও কামরা ফুল দিয়ে সাজানো হয়। ট্রেনের ভেতরে যাত্রীদের জন্য বিশেষ খাবার পরিবেশন করা হয়। ট্রেনের কর্মীরা যাত্রীদের সঙ্গে কথা বলেন এবং তাদের অভিজ্ঞতা শোনেন। অনেক যাত্রী ট্রেনের দীর্ঘদিনের পরিষেবার প্রশংসা করেন। ট্রেনের গতি, পরিষ্কার কামরা এবং সময়ানুবর্তিতার জন্য যাত্রীরা ট্রেনটিকে পছন্দ করেন। ৪৫ বছর পূর্তি উপলক্ষে ট্রেনটি যাত্রীদের কাছে আরও আকর্ষণীয় হয়ে উঠল। ট্রেনের কর্তৃপক্ষ ভবিষ্যতে যাত্রীদের সুবিধার জন্য নতুন পরিষেবা চালু করার পরিকল্পনা করছে।

ইন্দ্রপুরী এক্সপ্রেস ৪৫ বছরে পা দিল

ইন্দ্রপুরী এক্সপ্রেস ১৯৮১ সালে চালু হয়েছিল। ৪৫ বছর পেরিয়ে এই ট্রেন যাত্রীদের কাছে নির্ভরযোগ্য পরিষেবা হিসেবে পরিচিত। ৪৫ বছর পূর্তি উপলক্ষে ট্রেনটি বিশেষ সাজে সেজে ওঠে। ট্রেনের বিভিন্ন কামরা ফুল ও আলোয় সাজানো হয়। যাত্রীরা কেক কাটেন এবং একে অপরকে শুভেচ্ছা জানান। ট্রেনের কর্মীরা যাত্রীদের মিষ্টি মুখ করান। স্টেশনে উপস্থিত যাত্রীরা ট্রেনের সামনে দাঁড়িয়ে ছবি তোলেন। ট্রেনের ইঞ্জিন ও কামরা ফুল দিয়ে সাজানো হয়। ট্রেনের ভেতরে যাত্রীদের জন্য বিশেষ খাবার পরিবেশন করা হয়। ট্রেনের কর্মীরা যাত্রীদের সঙ্গে কথা বলেন এবং তাদের অভিজ্ঞতা শোনেন। অনেক যাত্রী ট্রেনের দীর্ঘদিনের পরিষেবার প্রশংসা করেন। ট্রেনের গতি, পরিষ্কার কামরা এবং সময়ানুবর্তিতার জন্য যাত্রীরা ট্রেনটিকে পছন্দ করেন। ৪৫ বছর পূর্তি উপলক্ষে ট্রেনটি যাত্রীদের কাছে আরও আকর্ষণীয় হয়ে উঠল। ট্রেনের কর্তৃপক্ষ ভবিষ্যতে যাত্রীদের সুবিধার জন্য নতুন পরিষেবা চালু করার পরিকল্পনা করছে।

ACEPB3DCCE9-ACEdP00bAB7A
প্রকাশক: সৌম্য দাশগুপ্ত
গ্রন্থাগার: কলকাতা হুগ্ধ
২৯ মৃগ, 2026
সংখ্যা ৪৩ মৃগ
৪০৩৯ মৃগ
সৌম্য দাশগুপ্ত
সুপ্রিয়া দে
অনিমা বিশ্বাস
অমিত দাশগুপ্ত
সুমন্ত ভট্টাচার্য
অনিমা বিশ্বাস
সুপ্রিয়া দে
সৌম্য দাশগুপ্ত

कर्मचारी उद्धार गर्न प्राधिकरणले 'डेडिकेटेड' हेलिकप्टर पठाउने

दमक । रसुवामा आएको भीषण बाढीका कारण त्रिशूली करिडोरका जलविद्युत आयोजनामा फसेका कर्मचारी तथा श्रमिकको उद्धार गर्न नेपाल विद्युत प्राधिकरणले 'डेडिकेटेड' हेलिकप्टर परिचालन गर्ने भएको छ ।

सडक मार्ग बाढीले पूर्ण रूपमा क्षतिग्रस्त भएपछि हवाई मार्गबाट उद्धार टोली र आवश्यक सामग्री घटनास्थलमा पठाउन लागिएको प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायु श्रेष्ठले जानकारी दिए ।

श्रेष्ठका अनुसार विभिन्न जलविद्युत आयोजनाका २०० भन्दा बढी कर्मचारी तथा श्रमिक सम्पर्कविहीन छन् । रसुवागढी आयोजनामा मात्रै १०० भन्दा बढी, चिलिमेमा १५ देखि २० जना तथा माथिल्लो त्रिशूली-३ 'ए' को



सुरूङभित्र ३० देखि ४५ जना कर्मचारी फसेका छन् ।

सुरूङभित्र रहेका व्यक्तिसँग सञ्चार सम्पर्क हुन नसकेकाले उनीहरूको अवस्था अज्ञात रहेको प्राधिकरणले जनाएको छ ।

उद्धारका लागि नेपाली सेना र प्राधिकरणको उच्चस्तरीय टोली घटनास्थलमा परिचालन भइसकेको छ । तर बाढीले पहुँच मार्ग तथा पूर्वाधारमा ठूलो क्षति पुऱ्याएपछि उद्धारमा कठिनाइ भइरहेको छ ।

फसेकाहरूको जीवन रक्षाका लागि हेलिकप्टरसँगै एस्काभेटर र प्राविधिक विशेषज्ञ टोली परिचालन गरिने श्रेष्ठले बताए । सुरूङभित्र अक्सिजन पुऱ्याउने तथा आवश्यक परे सुरूङको माथिल्लो भागबाट प्वाल पारेर उद्धार गर्ने वैकल्पिक उपायसमेत अपनाउने तयारी गरिएको छ ।

बाढीका कारण त्रिशूली करिडोरमा प्राधिकरण र निजी क्षेत्रका गरी करिब ५४ देखि १५ जलविद्युत आयोजना प्रभावित भएका छन् । आयोजनामा क्षति पुग्दा राष्ट्रिय प्रसारण प्रणालीबाट करिब ४३० मेगावाट विद्युत कटौती भएको प्राधिकरणले जनाएको छ ।

अन्तर्राष्ट्रिय

बाढीको उच्च जोखिमका कारण तिब्बतमा उद्धार कार्य स्थगित

बेइजिङ/ नेपाल र चीनको सीमावर्ती क्षेत्र तिब्बतमा गएको भीषण पहिरोपछि बनेको कृत्रिम ताल फुट्ने खतरा बढेसँगै चिनियाँ अधिकारीहरूले उद्धार कार्य तत्कालका लागि स्थगित गरेका छन् । गत बुधवार आएको पहिरो र लेदोसहितको बाढीले नेपाल-चीन सीमास्थित जिरोङ (केरुङ) नाकामा ठूलो क्षति पुऱ्याएको थियो ।

अधिकारीहरूका अनुसार पहिरोको भग्नावशेषका कारण नदी थुनिएर बनेको तालको जलस्तर लगातारको वर्षाले गर्दा उच्च बिन्दुमा पुगेको छ । उक्त ताल जुनसुकै बेला फुट्न सक्ने र त्यसले तल्लो तटीय क्षेत्रमा थप विनाश निम्त्याउन सक्ने जोखिम बढेको भन्दै चिनियाँ राज्य नियन्त्रित सञ्चारमाध्यमहरूले उद्धारकर्मीहरूलाई सुरक्षित स्थानमा रहन र अपरेसन रोक्न निर्देशन दिएको जनाएका छन् ।

बीबीसीका अनुसार यस प्राकृतिक विपत्तिमा परी तिब्बततर्फ अहिलेसम्म ५५० भन्दा बढी मानिस बेपत्ता भएको विवरण प्राप्त भएको छ । बेपत्ता हुनेहरूमध्ये २६० जना विदेशी पर्यटक र तीर्थयात्रीहरू रहेका छन् । ती विदेशीहरूमा पवित्र कैलाश मानसरोवरको दर्शनका लागि गएका तीर्थयात्रीहरूको ठूलो संख्या रहेको बताइएको छ ।

हाल अधिकारीहरूले जिरोङ नाकाभन्दा माथिल्लो क्षेत्रमा बढिरहेको पानीको सतहलाई नजिकबाट नियालिरहेका छन्। भारी वर्षा जारी रहेकाले आगामी केही दिनसम्म बाढीको जोखिम अझै बढ्न सक्ने अनुमान गरिएको छ। थप क्षति हुन नदिन र सुरक्षा सुनिश्चित गर्नका लागि अहिले उक्त क्षेत्रमा मानिसहरूको आवतजावतमा समेत कडाइ गरिएको छ ।

खेल समाचार

रवीन्द्र ढाँट रोड टु युएफसीको फाइनलमा प्रवेश

काठमाडौं/ नेपाली फाइटर रवीन्द्र ढाँट रोड टु युएफसीको फाइनलमा प्रवेश गरेका छन् । चीनको साङ्घाईस्थित अक्टागनमा भएको खेलमा न्युजिल्यान्डका फाइटर कासिब मर्डोकलाई हराउँदै फाइनलमा पुगेका हुन् । तीन राउण्डको खेलमा स्प्लिट डिसिजनको आधारमा ढाँट विजयी भएका हुन् ।

पहिलो जजले ढाँटको पक्षमा २९-२८ अंक दिएका थिए । दोस्रो जजले कासिबको पक्षमा २९-२८ अंक दिए । तेस्रो जजले ढाँटकै पक्षमा २९-२८ अंक दिएपछि ढाँट विजयी भएका हुन् ।

ढाँटले अब यो ताजिमासँग फाइनलमा खेल्नेछन् । ताजिमाले सेमिफाइनलमा भारतका चुङग्येन कोरेनलाई पराजपत गर्दै फाईनल पुगेका थिए । फाइनल जितेमा उनी युएफसीका लागि छनोट हुनेछन् ।

प्रधानमन्त्री उद्धार कोषमा एक अर्ब ९१ करोड सहयोग संकलन

दमक/ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ३६ घण्टाको अवधिमा एक अर्ब ९१ करोड रूपैयाँभन्दा बढी सहयोग रकम संकलन भएको छ । अर्थ मन्त्रालयलाई प्राप्त विवरणअनुसार बुधबार मध्याह्नदेखि बिहीबार राति १२ बजेसम्म कोषमा उक्त रकम जम्मा भएको हो ।

विभिन्न १० वाणिज्य बैठकहरूमा रहेको खातामा एक अर्ब ९१ करोड ८६ लाख ५० हजार ९११ रूपैयाँ दाताहरूले ३६ घण्टा अवधिमा जम्मा भएको हो । सरकारले प्रधानमन्त्री राहत कोषमा रकम जम्मा गर्न र त्यसको समन्वयका लागि अर्थ मन्त्रालयलाई फोकल मन्त्रालयको रूपमा तोकेको छ । यस्तै, व्यक्तिगततर्फको नगद सहयोग रकम दाताहरूले मन्त्रालयमै आएर प्रदान गर्न सक्नुहुनेछ । यससँगै कोषमा बचत रकम ४ अर्ब ९ करोड ११ लाख ६० हजार पुगेको छ ।

यसअघि कोषमा २ अर्ब १७ करोड २५ लाख ९ हजार ७५९ रूपैयाँ बचत थियो। बिहीबार ६ घण्टा अवधिमा नेपालका निजी क्षेत्रका दाताहरूबाट मन्त्रालय मार्फत २७ करोड ३३ लाख सहयोग प्राप्त भएको थियो । यो सहायतामा रकममा विभिन्न मित्र राष्ट्रबाट घोषणा भएको रकम समावेश छैन ।

इलामका आठ जना सम्पर्कविहीन

इलाम/ भोटेकोशी बाढीमा विभिन्न काम तथा भ्रमणका सिलसिलामा रहेका इलामका आठ जना सम्पर्कविहीन भएको जानकारी प्राप्त भएको प्रमुख जिल्ला अधिकारी लक्ष्मण ढकालले बताए ।

प्रजिअ ढकालका अनुसार बिहीबारसम्म प्राप्त विवरणअनुसार इलामको देउमाई नगरपालिकाका बुद्धिसागर न्यौपाने र खिनमाया न्यौपाने, माई नगरपालिकाका नरेन्द्रप्रसाद दाहाल, सन्दकपुर गाउँपालिकाका दिवानन्द सुवेदी (दीपक) सम्पर्कविहीन भएका हुन् । उनीहरूमध्ये न्यौपाने दम्पती र दाहाल गोसाईंकुण्ड तीर्थयात्रामा थिए भने सुवेदी उनीहरूका सवारी चालक हुन् । त्यस्तै, माईनगरका विनोद राई, फाकफोकथुम गाउँपालिका-६ का लिलाबहादुर थापा (लोक), फाकफोकथुम गाउँपालिका-६ का विसु थेगिम रहेका छन् । उनीहरू तीनै जना सुवावको मैलुङ गगनी भन्ने स्थानमा निर्माणाधीन जलविद्युत् आयोजनामा कार्यरत कामदार रहेको प्रजिअ ढकालले बताए ।

त्यसैगरी, बैतडीको सिगास गाउँपालिका-७ घर भई हाल सबडिभिजन वन कार्यालय माई नगरपालिकामा कार्यरत वनरक्षक लक्ष्मणसिंह ऐर पनि सम्पर्कविहीन भएका छन् ।

४२ वटा बेलिब्रिज बनाउन भारत र चीनलाई सरकारको अनुरोध

दमक/ सरकारले बाढी प्रभावित क्षेत्रको आवत जावत सुचारू गर्नका लागि भारत र चीनलाई तत्काल ४२ वटा बेलिब्रिज बनाइदिन माग गरेको छ । परराष्ट्र मन्त्रालय स्रोतका अनुसार दुवै देशलाई नेपाललाई तत्काल आवश्यक पर्ने बेलिब्रिजको संख्या उल्लेख गर्दै सहयोगको अनुरोध गरिएको छ ।

अहिले विदेशी दिने सहयोगलाई विपत् प्राधिकरणको माग अनुसार लिने व्यवस्था मिलाइएको छ । प्राधिकरणले तत्काल आवतजावत सुचारू गर्न ४२ वटा पुलको आवश्यकता पर्ने आंकलन गरेपछि सरकारले दुवै देशलाई अनुरोध गरेको हो ।

भारतीय विदेश मन्त्रालयका प्रवक्त रणधीर जैसवालले बिहीबारै नियमित पत्रकार सम्मेलनमा नेपाललाई आवश्यक परेको बेलामा बेलिब्रिज लगायतमा सहयोग गर्ने बताएका थिए । रसुवा, नुवाकोट र धादिङमा बाढीले अधिकांस पुलहरु भत्काएको छ । त्यसका कारण मानिसहरु दुईतर्फी आवत जावत नै बन्द भएको छ ।

सिंहदेवी आबिमा शिक्षक-अभिभावक संघ गठन

दमक/झापाको कमल गाउँपालिका-७ स्थित सिंहदेवी आधारभूत विद्यालयमा शिक्षक-अभिभावक संघ गठन गरिएको छ । विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न शिक्षक र अभिभावकहरूबीचको सहकार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले शिक्षक-अभिभावक संघ गठन गरिएको हो ।

विहिबार विद्यालयमा आयाजित अभिभावकहरूको वृहत भेलाले चन्द्रप्रसाद सुव्वाको अध्यक्षयतामा शिक्षक अभिभावक संघ गठन गरिएको जनाईएको छ । गठित समितिको सदस्य सचिवमा हरिकृष्ण दास र सदस्यहरूमा गौरादह-१ का मेघराज खतिवडा, कमल-७ की मिना बेश्रा, कमल-४ की रिता भट्टराई, कमल-६ की प्रेमिका बाह्रकोटी, गौरादह-१ की डेनमाया श्रेष्ठ, कमल-७ का चन्द्रप्रसाद भण्डारी र सन्तोष वान्तवा राई चयन भएका छन् । त्यसैगरी विद्यालय व्यवस्थापन समिति अध्यक्ष रामकुमार गुरूङ (रबिन) र विद्यालयका प्रधानाध्यापक प्रसास दाहाल पदेन सदस्य रहेका छन् ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
दूलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

नेटवर्किङमा ठगी गरेको अभियोगमा महिला पक्राउ

झापा/ नेटवर्किङ व्यवसाय सञ्चालन गरी सर्वसाधारणलाई ठगी गरेको अभियोगमा प्रहरीले सुनसरीकी एक महिलालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सुनसरीकी सङ्गीता आचार्य रहेकी छन् । उनलाई बिहीवार पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिए ।

प्रहरीका अनुसार आचार्यले काठमाडौं महानगरपालिका-३१ ठूलो खरिबोटमा घर भाडामा लिई 'विजडम हब इन्टरनेसनल प्राले' सञ्चालन गर्दै आएकी थिइन् । सो कम्पनीमार्फत स्यामु, साबुन, धिउकुमारीको सामान, हिमाली सिस्नु पाउडरलगायत विभिन्न वस्तु अत्यधिक मूल्यमा बिक्री गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ ।

त्यसैगरी, रोजगारीको आकर्षक अवसर र सुविधासहितको तलब उपलब्ध गराउने प्रलोभन देखाई सर्वसाधारणलाई अग्रिम रूपमा ठूलो रकम जम्मा गर्न लगाउने र नेटवर्क बनाई भुक्यानमा पारेर ठगी गर्ने गरेको प्रहरीको भनाइ छ । ठगीपछि फरार रहेकी आचार्यलाई खोजी गर्ने क्रममा पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेकी आचार्यविरूद्ध ठगीसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको छ ।

मेची.....उत्कृष्ट कारोवार पुरस्कारबाट उत्तम खनाल, बलराम दाहाल, लुमा भट्टराई, बोधराज न्यौपाने र डिल्लीराम बाह्रकोटी रहेका छन् । कार्यक्रममा संस्थाले गत फागुन ३ गते भएको अन्तरसेवा कार्यालय स्तरीय फुटसल प्रतियोगितामा उत्कृष्ट गोलरक्षक, प्रथम र दोस्रो हुने शाखा कार्यालयलाई पुरस्कार समेत वितरण गरेको थियो । जसमा प्रथम हुने दमक सेवा कार्यालय, दोस्रो हुने शिवसताक्षी सेवा कार्यालय र उत्कृष्ट गोलरक्षक शिवसताक्षी सेवा कार्यालयका क्षितिज प्रशाई पुरस्कृत भएका छन् । संस्थाका अध्यक्ष नारायण प्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तब्य वरिष्ठ उपाध्यक्ष पदम थापाले गरेका थिए । संस्थाका सचिव राजेन्द्र प्रसाद दाहालले सञ्चालन गरेको सभामा विभिन्न शाखाहरूको गतिविधि र संस्थाको वार्षिक कार्ययोजनाबारे जानकारी गराइएको थियो ।

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !

आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,बाड्गा, टिड्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।
सेवामा आवद्ध डाक्टरहरु
☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर
ॐ शान्ति डेन्टल हस्पिटल
दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३-५७५९०६)

दमकमा.....पनि भूमि सम्बन्धी ऐन तथा नियम, नयाँ कार्यविधि, जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि तथा पहिचान र प्रमाणीकरणका आधारलाई टेकेर वडा तहबाट प्रक्रिया अघि बढाउन निर्देशन दिएको नगरप्रमुख थापाले बताए।

नगरपालिकाले विगतमा निस्सा प्राप्त गरेका आवेदकको नामावली सम्बन्धित वडा कार्यालयमा पठाएर आवश्यक अनुसूची, स्वघोषणा फारम तथा अतिरिक्त निवेदन भराउने, वडा समितिबाट प्रमाणित र सिफारिस गराउने तथा स्थलगत तथ्यांक संकलन र नापजाँचमा सहजीकरण गर्ने जिम्मेवारी वडा तहलाई दिएको छ । प्रत्येक वडामा भूमिहीन तथा अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समिति गठन गरी काम अघि बढाउनसमेत भनिएको छ ।

नयाँ व्यवस्थाअनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीका लागि एउटै मापदण्ड लागू हुने छैन । तीनै वर्गको पहिचान, प्रमाणीकरण र आवश्यक कागजातका लागि छुट्टाछुट्टै आधार तोकिएको छ । निवेदनमाथि कम्तीमा सात दिन सार्वजनिक सूचना जारी गरी दाबी-विरोधको अवसर दिने र त्यसपछि वडा तहबाट प्रमाणीकरण गरी स्थानीय तहको निर्णयसहित जिल्ला समितिमा पठाउने व्यवस्था छ ।

जिल्ला तहबाट सम्बन्धित लाभग्राही तथा परिवारका सदस्यको नाममा नेपालभर अन्यत्र जग्गा भए-नभएको अभिलेख परीक्षण गरिनेछ । गलत विवरण वा झुठो स्वघोषणा गरेको प्रमाणित भए प्रचलित कानुनअनुसार कारबाही हुने व्यवस्था पनि कार्यविधिमा छ ।

दमक नगरप्रमुख थापाले नगरपालिकाले यसअघि नै ठूलो आर्थिक तथा प्रशासनिक स्रोत परिचालन गरी भूमि समस्या समाधानको काम अन्तिम चरणमा पुऱ्याएको बताएका छन् । नापजाँचको कामसमेत करिब टुंगिन लागेको अवस्थामा जेनजी आन्दोलन र त्यसपछिको राजनीतिक परिस्थितिका कारण प्रक्रिया अवरूद्ध भएको उनको भनाइ छ । "यो काम रोकिएको होइन, केही समयका लागि अवरूद्ध मात्र भएको हो," थापाले भने, "अब विगतमा गरेको कामलाई नयाँ प्रक्रियासँग मिलाएर अगाडि बढाउँछौं । आन्दोलनका क्रममा कागजात नष्ट भएका वा क्षति पुगेका नागरिकलाई पनि प्रक्रियाबाट बाहिर पर्न नदिईने प्रतिबद्धता समेत उनले व्यक्त गरे ।

झापा र इलामका पाँच पालिकाको ७२ लाख सहयोग

दमक । रसुवाको भोटेकोशीमा आएको बाढी तथा पहिरोबाट प्रभावित नागरिकको राहत, उद्धार तथा उपचारका लागि झापा र इलामका पाँच स्थानीय तहले ५६ लाख रुपैयाँ सहयोग गर्ने भएका छन् । झापाका तीन पालिकामध्ये अर्जुनधारा नगरपालिकाले सबैभन्दा बढी २१ लाख रुपैयाँ प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने प्रतिबद्धता जनाएको छ । नगरप्रमुख बलदेवसिंह गोम्देनको आह्वानमा बिहीवार बसेको सर्वपक्षीय बैठकले उक्त निर्णय गरेको हो ।

त्यस्तै, भद्रपुर नगरपालिकाले ११ लाख रुपैयाँ सहयोग गर्ने भएको छ । नगरप्रमुख गणेश पोखरेलका अनुसार जनप्रतिनिधि, कर्मचारी तथा सामुदायिक विद्यालयका शिक्षक-कर्मचारीबाट रकम संकलन गरी प्रधानमन्त्री राहत कोषमा जम्मा गरिनेछ ।

बिर्तामोड नगरपालिकाले ५ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ । नगरप्रमुख पवित्रा महतारा प्रसाईंको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकले बाढी प्रभावित परिवारको राहत तथा उद्धारका लागि उक्त रकम उपलब्ध गराउने निर्णय गरेको हो ।

इलामका चुलाचुली गाउँपालिकाले २५ लाख र माई नगरपालिकाले १० लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरेका छन् । चुलाचुलीको ७६औं कार्यपालिका बैठकले अध्यक्ष र उपाध्यक्षको सात दिन तथा वडाअध्यक्ष र सदस्यको पाँच दिनको सेवासुविधासहित कर्मचारीको पारिश्रमिकबाट रकम संकलन गर्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष राजेन्द्र केरङले बताए ।

त्यसैगरी, माई नगरपालिकाको ६५औं कार्यपालिका बैठकले जनप्रतिनिधिको १५ दिनको सेवासुविधा र कर्मचारीको दुई दिनको पारिश्रमिक संकलन गर्ने निर्णय गरेको नगरप्रमुख खम्बासिंह लिम्बूले जानकारी दिए । संकलित रकममा नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट थप गरी १० लाख रुपैयाँ पुऱ्याइनेछ ।

स्थानीय तहहरूले विपद्का बेला राहत वितरणमा दोहोरोपन नहोस् भन्ने उद्देश्यले सरकारको 'एकद्वार' नीतिअनुसार प्रधानमन्त्री राहत/दैवीप्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने जनाएका छन् ।

विदेशी.....

सुरक्षा, विस्थापितको व्यवस्थापन र पुनःस्थापनामा अन्तर्राष्ट्रिय समन्वयको आधार तयार गरेको छ ।

रेडक्रस : ९० लाख स्विस फ्राङ्क

'अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट महासंघ (आईएफआरसी)' ले नेपाल रेडक्रसको बाढी प्रतिकार्यका लागि १० लाख स्विस फ्याङ्क अर्थात् करिब १९ करोड नेपाली रुपैयाँ बराबरको आपत्कालीन रकम जारी गर्ने घोषणा गरेको छ । यो रकम तत्काल राहत, स्वास्थ्य, अस्थायी आश्रय तथा प्रभावित समुदायको आधारभूत आवश्यकतामा खर्च हुने अपेक्षा गरिएको छ ।

विश्व स्वास्थ्य संगठन : औषधि र टेन्ट

'विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)'ले नेपालमा अत्यावश्यक स्वास्थ्य सामग्री पठाएको छ । औषधि तथा बहुउद्देश्यीय टेन्टसहितका सामग्री प्रभावित क्षेत्रको स्वास्थ्य आपत्काल व्यवस्थापनमा प्रयोग हुनेछन् । विपदका कारण स्वास्थ्य संस्था तथा सडक सम्पर्क प्रभावित भएकाले यस्तो सहयोग घाइतेको उपचार र सम्भावित महामारी रोकथामका दृष्टिले महत्वपूर्ण छ ।

विश्व बैंक : ४५ अर्ब रुपैयाँसम्मको सम्भावित सहयोग

तत्काल राहतभन्दा पुर्ननिर्माण र पुनःस्थापनाका लागि सबैभन्दा ठुलो सम्भावित आर्थिक सहयोग विश्व बैंकबाट आउन सक्ने देखिएको छ । विश्व बैंकका नेपाल निर्देशक डेभिड सिस्लेनले अर्थमन्त्री स्वर्णिम वाग्लेलाई २५ अर्ब रुपैयाँसम्म आपत्कालीन सहायता परिचालन गर्न सकिने जानकारी दिएका छन् । यो सहायता अनुदान, ऋण वा अन्य वित्तीय उपकरण कुन स्वरूपमा आउने भन्ने भने अझै स्पष्ट भइसकेको छैन । यदि यो रकम परिचालन भयो भने क्षतिग्रस्त सडक, पुल, जलविद्युत् तथा अन्य पूर्वाधार पुर्ननिर्माणमा ठुलो सहयोग पुग्न सक्छ ।

एडीबी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था

एसियाली विकास बैंक (एडीबी) का अध्यक्ष मासातो कान्डाले प्रधानमन्त्री शाहसँग सम्पर्क गरी नेपालसँग ऐक्यबद्धता व्यक्त गरेका छन् । उनले तत्काल राहतपछि पनि जोखिम मूल्याङ्कन, पूर्वसूचना प्रणाली र विपद्-प्रतिरोधी पूर्वाधार निर्माणमा नेपाललाई सहयोग जारी राख्ने प्रतिबद्धता जनाएका छन् ।

त्यसैगरी फ्रान्सेली सहयोगी संथा 'मेडेसाँ साँ फ्रान्तिए (एमएसएफ)'को आपत्कालीन स्वास्थ्य टोली नेपाल पुगिसकेको छ र तत्काल चिकित्सा सहायता प्रदान गर्ने जनाएको छ ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२.
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com